# बर्दिबास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बर्दिबास, महोत्तरी
प्रदेश नं.२, नेपाल

# मोटरसाइकल सवारी साधन खरिदसम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५।०७।२०

आ.व. २०७५।७६ मा यस कार्यालयमा आवश्यक सवारी साधन आपूर्ती सम्बन्धि वोलपत्रपत्रका माध्यमबाट खरिद गरी आपूर्ती गर्नु पर्ने भएकोले निम्न शर्तको अधिनमा रहि उक्त सामान सप्लाई गर्न ईच्छुक इजाजत प्राप्त फर्म, कम्पनी बिक्रेता तथा सप्लायर्सहरूबाट निम्न शर्तको अधिनमा रहि रितपूर्वकको वोलपत्र पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**शर्तहरू**

१. वोलपत्रपत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन सम्म कार्यालय समय भित्र तोकिएको राज्श्व रकम (पछि फिर्ता नहुने गरी) बुझाई यस कार्यालयक बाट खरिद गर्न सकिने छ ।

२. इच्छुक फर्म, कम्पनी वा संस्थाले वोलपत्रपत्र खरिद गर्दा र वोलपत्रपत्र पेश गर्दा वोलपत्र फारम साथ आ.व. २०७५।०७६ सम्मको लागि नविकरण गरीएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर तथा मु.अ. कर प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र आ.व. २०७४।७५ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रका प्रतिलिपिहरू मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराई निवेदन साथ संलग्न राखि प्रोपराइटर स्वयं उपस्थित भई वा आधिकारिक मन्जुरनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिने छ ।

३. वोलपत्रपत्र फाराम पेश गर्दा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२ बजे सम्ममा शिलबन्दी खाममा कामको विवरण,नाम, ठेगाना फोन नं. समेत खुलाई यस कार्यालयमा पेश गर्न पर्नेछ ।

४ दर्ता भएका वोलपत्रपत्र फारामहरू ३१ औं दिनको २ बजे वोलपत्रपत्रदाता वा निजका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ । वोलपत्रपत्रदाता वा निजहरूका प्रतिनिधिहरू उपस्थित नभएमा पनि वोलपत्रपत्र खोल्न बाधा पर्ने छैन ।

५ वोलपत्रपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदाको भोली पल्ट सोही समयमा दर्ता गर्ने र खोलिने कार्य हुनेछ ।

६ वोलपत्रपत्र साथ सूचनामा उल्लेखित जमानत बापतको रकम बर्दिबास नगरपालिका नगरकार्यपालिकाको कार्यालय, बर्दिबास, महोत्तरीको कृषि विकास बैंक लिमिटेड, बर्दिबास शाखामा रहेको धरौटी खाता नं. १००६३०११४९१२८०६७ मा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको वोलपत्रपत्र पेश गर्ने अन्तिम मितिबाट वोलपत्रपत्रको लागि १२० दिन सम्म म्याद भएको जमानीपत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ ।

७ वोलपत्रपत्रमा दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकालाई मान्यता दिइने छ । दररेट उल्लेख गर्दा केरमेट गरेको वा टिपेक्स लगाएको स्थानमा सहिछाप नभएको, कार्यालयबाट बिकि भएको फाराम भरी नआएको दरभाउपत्र फाराम उपर कुनै कारवाही हुने छैन ।

८ वोलपत्रपत्र दाखिला गर्दा फर्म, कम्पनी वा सप्लायर्सले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, सो कार्यमा आफ्नो स्वार्थ नवाझिएको तथा सम्बन्धित पेशामा व्यवसायको कसुरमा आफुले कुनै सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा वोलपत्रपत्र सम्बन्धि कागजात साथ पेश गर्नु पर्नेछ । घोषणापत्र संलग्न नभएको वोलपत्रपत्र उपर कुनै कारवाही हुने छैन ।

९ . यस सम्बन्धी स्पेसिफिकेशन तथा अन्य आवश्यक विवरणहरू वोलपत्रपत्र फाराम साथ उपलब्ध गराइने छ ।

१० प्रचलित निर्यमानुसार रित नपुगेको, म्याद नाघि आएको र शर्त राखिएको वोलपत्रपत्र उपर कुनै कारवाही हुने छैन ।

११ एक फर्मको नाममा खरिद गरिएको वोलपत्रपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१२ वोलपत्रपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१३ कार्यालय सम्म उल्लेखित सामानहरू आपूर्ती गर्न लाग्ने ढुवानी तथा अन्य करहरू वोलपत्रपत्रदाता स्वयमले व्यहोर्नु पर्नेछ ।

१४ आधिकारिक कम्पनी वा मान्यता प्राप्त विक्रेताले मोटरसाईकलको गुणस्तर Council दर्ता मेकानिकल ईन्जिनियबाट प्रमाणित हुनुपर्ने र सोको सम्पूर्ण खर्च आपूर्तीकर्ताले नै व्यहोर्नु पर्नेछ ।

१५ वोलपत्रपत्र फाराममा र सूचनामा उल्लेख भएका कुराहरूको हकमा यसै सूचना अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ ।

१६ वोलपत्र स्वीकृत हुने आधिकारीक विक्रेताले न.पा. को नाममा सवारी साधन नामसारी, विमा, र चालु आ.व.को सबै राजस्व कर चुक्ता गरेपछि मात्र भुक्तानी दिईने छ ।

१७ मान्यता प्राप्त कम्पनी स्वयम वा आधिकारी विक्रेताले मात्र वोलपत्र दर्ता गर्न पाउने छ ।

१८ अन्य थप कुरा बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी वा www.bardibasmun.gov.np मा हेर्न सकिनेछ ।

### मोटर साइकल खरिदको विवरण

| बोलपत्र नं | खरिदको विवरण | संख्या | ल.ई. अंक (कन्टिनजेन्सी र मु.अ.क.वाहेक) | फाराम दस्तुर | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| 08/NCB/G/075/76 | मोटरसाइकल (वोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | १४ थान | प्रति ईकाइ २,५५,०००।०० | रु ३,०००।०० | स्वीकृत ल.ई. अंकको ३ प्रतिशत | मोडल २०१८ |